नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्या:-
च.नं.: -

गृह मन्त्रालयका अनुसार देशभरका विभिन्न सीमा नाकाहरुबाट ज्येष्ठ ११ र १२ गते ३,९१३ नेपाली नागरिकहरु नेपाल प्रवेश गरेका छन्। साथै, उक्त दुई दिनमा क्वारेन्टिनहरुको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि १७४ स्थानमा र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउनका लागि २९० स्थानमा अनुगमन गरिएको छ।

कोभिड संक्रमितको उपचारार्थ डेडिकेटेड रुपमा देशभर झण्डै ४५० अस्पतालहरु सञ्चालनमा रहेका र उक्त अस्पतालहरुमा पछिल्ला दिनहरुमा एच.डी.यू. बेडहरुको संख्यामा उल्लेख्य वृद्धि भै ४,२०० पुगेको छ। त्यसैगरी, देशभर २,२०० आई.सी.यू. बेड र ८०० भेन्टिलेटरको प्रबन्ध गरिएको छ। ज्येष्ठ १२ गतेका दिन देशभर ११,७१३ जना संक्रमितको सामान्य वेडमा, १,६३१ संक्रमितको आई.सी.यू. बेडमा र ४९५ संक्रमितको भेन्टिलेटरमा उपचार भैरहेको र निषेधको आदेश उल्लङ्घन गर्ने ३,२४५ सवारी साधनलाई कारवाही गरिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपत्यकामा ६ टोलि परिचालन गरी खाद्यान्न र औषधी पसलहरुको अनुगमनको क्रममा ३ वटा पसललाई ६५ हजार जरिवाना गरिएको छ। साथै ज्येष्ठ १२ गते काठमाडौं उपत्यका बाहिरका १९ र उपत्यका भित्रका १० अक्सिजन उद्योगहरुबाट जम्मा १५,९४९ अक्सिजन सिलिण्डर भरेर अस्पतालहरुलाई उपलब्ध गराइएको छ। अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ८६,४५,१०७ थान मेडिकल उपकरणहरु, १०,७११ एम.टी.क्यू. अक्सिजन र कोभिड-१९ टेस्ट किट तथा स्यानिटाईजर लगायतका औषधीहरु पैठारी भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूसँग २६ मे, २०२१ मा भएको टेलिफोन संवादमा चीनका महामहिम राष्ट्रपति शी चिनफिङ्ले नेपाललाई १० लाख खोप उपलब्ध गराउने घोषणा गर्नु भएको र उक्त खोपहरु मध्ये २ लाख खोप चीनको स्वायत्त क्षेत्र तिब्बत सरकारले यातायातको प्रबन्धसहित नेपाललाई प्रदान गर्ने र बाँकी ८ लाख नेपाल ल्याउन आवश्यक समन्वय भैरहेको छ। बेलायत सरकारबाट कोभिड नियन्त्रण र उपचारका लागि २६० थान भेन्टिलेटर तथा यससँग सम्बन्धित सरसामान तथा १९,२०० थान भाइजर २८ मे,२०२१ का दिन नेपाल आइपुग्ने भएको छ। साथै, बेलायतको गैरसरकारी संस्था नेपमेड यू.के. बाट १० थान अक्सिजन



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:
च.नं.:

कन्सन्ट्रेटर पनि सोही उडानमा आउने भएको छ। अमेरिकी गैरसरकारी संस्था डाइरेक्ट रिलिफ मार्फत ८४० थान अक्सिजन कन्सन्ट्रेटर समेतका स्वास्थ्य उपकरण तथा औषधी लगायतका सामग्री आज नेपाल आउने भएको छ। चीन सरकारले अनुदान सहायता अन्तर्गत प्रदान गर्ने ५ मिलियन चिनियाँ युआन बराबरको ४० पोर्टेबल भेन्टिलेटर, २० अटोमेटेड एनालाइजर, १० डी.आर. मेसिन, २० पोर्टेबल अल्ट्रासाउण्ड र २० एनेस्थेसिया मेसिन मे ३०, २०२१ मा तातोपानी बोर्डर पोर्टमा आइपुग्ने जानकारी प्राप्त भएको र सो सम्बन्धी आवश्यक समन्वयका कार्यहरु भैरहेको जनाइएको छ।

कोभिड-१९ को दोस्रो भेरिएन्टबाट संक्रमितहरुको उपचारका लागि अस्पतालहरुमा अक्सिजन, एच.डी.यू., आई.सी.यू. र भेन्टिलेटर सहितको शैय्या अभाव हुन नदिने, जनस्वास्थ्यका मापदण्डहरु व्यवहारमा नै लागू गर्ने, निषेधको आदेशको पूर्ण परिपालना गर्ने, मनोत्रासमा नबस्ने र सकारात्मक उर्जाको विकास गर्ने/गराउने कार्यमा सरीक हुन सबै सरोकारवालाहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८/०२/१३

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np